# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ७ गते २०८१ (संख्या १**


## भाग २

## वैतेश्वर गाउँपालिका सडक मापदण्ड, २०८१

(गाउँ कार्यपालिकाबाट पारित)

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२९)

**प्रस्तावनाः**

वैतेश्वर गाउँपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमन योग्य बनाउने, सडक वरिपरि हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित एवम् स्थापित मापदण्ड अनुरुप बनाउने, सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति गर्ने कार्यलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा(७) ले दिएको अधिकार प्रयोग गरी वैतेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "**वैतेश्वर गाउँपालिका सडक मापदण्ड, २०८१**" रहेको छ ।

(२) यो मापदण्ड वैतेश्वर गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "**कार्यपालिका**" भन्नाले वैतेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

वैतेश्वर राजपत्र

(ख) **"प्रमुख"** भन्नाले वैतेश्वर गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्छ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले वैतेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) **"खोला तथा खोल्सी"** भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ ।

(ङ) **"राजकुलो तथा कुलो"** भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ ।

(च) **"गोरेटो बाटो"** भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ ।

(छ) **"राष्ट्रिय राजमार्ग"** भन्नाले गाउँपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ ।

(ज) **"प्रादेशिक सडक"** भन्नाले गाउँपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ ।

(झ) **"मुख्य सडक"** भन्नाले अनुसुची-१ बमोजिमका सडकहरुलाई सम्झनु पर्छ जसले प्रादेशिक सडकलाई समेत जनाउछ ।

(ञ) **"गाउँपालिकास्तरीय सडक"** भन्नाले अनुसुची-२ बमोजिमका सडकहरुलाई सम्झनु पर्छ।

(ट) **"वडास्तरीय सडक"** भन्नाले अनुसुची-३ बमोजिमका सडकहरुलाई सम्झनु पर्छ ।

(ठ) **"टोलस्तरीय सडक"** भन्नाले अनुसुची-४ बमोजिमका सडकहरुलाई सम्झनु पर्छ ।

(ड) **"सहायक सडक"** भन्नाले मुख्य सडकबाट बस्तीसम्म जाने गाउँपालिका तथा वडा स्तरीय सडकलाई सम्झनु पर्छ ।

(ढ) **"प्राकृतिक स्रोत"** भन्नाले माटो, पानी, ढुङ्गा, बालुवा जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ ।

(ण) **"फासला(Set Back)"** भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ ।

(त) **"सडक सिमा"** भन्नाले सडकको चौडाईलाई सम्झनु पर्छ ।

(थ) **"सडकको क्षेत्राधिकार(Row)"** भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## सडक क्षेत्रको वर्गीकरण, क्षेत्राधिकार र फासला

**३. सडकको क्षेत्राधिकार (Row):**

(१) सडकको क्षेत्राधिकार देहाए बमोजिम हुनेछ ।

(क) मुख्य सडकको क्षेत्राधिकार (Row) प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) गाउँपालिका स्तरीय सडकको क्षेत्राधिकार (Row) ७ मिटर चौडा हुनेछ ।

(ग) वडास्तरीय सडकको क्षेत्राधिकार (Row) ६ मिटर चौडा हुनेछ ।

(घ) टोलस्तरीय सडकको क्षेत्राधिकार (**Row**) ४ मिटर चौडा हुनेछ ।

(ङ) गोरेटो बाटोको क्षेत्राधिकार (**Row**) १ मिटर हुनेछ ।

(२) यो मापदण्ड बमोजिम जुनसुकै वर्गिकरणमा परेको सडकको घुम्तीमा थप चालिस प्रतिशत चौडाई वृद्धि गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम सडकको नामाकरण र क्षेत्राधिकार अनुसूची — १,२,३ र ४ मा उल्लेख भए बमोजिम हुने छ ।

**<u>४. सडक तथा सार्बजनिक स्थानको फासला (Set Back):</u>**

(१) सडकको फासला (Set Back) देहाए बमोजिम छोड्नु पर्नेछ ।

(क) मुख्य सडकको फासला (Set Back) प्रचलित कानून बमोजिम ।

(ख) गाउँपालिकास्तरीय सडकको फासला (Set Back)दुई मिटर ।

(ग) वडास्तरीय सडकको फासला (Set Back) एक दशमलव पाँच मिटर ।

(घ) टोलस्तरीय सडकको फासला (Set Back) एक मिटर ।

(ङ) गोरेटो बाटोको फासला (Set Back) एक दशमलव पाँच फिट ।

(च) खोला तथा खोल्सीको फासला (Set Back) प्राकृतिक बहावबाट एक दशमलव पाँच मिटर ।

(छ) राजकुलो तथा कुलोको फासला (Set Back) तीन फिट।

(२) उपदफा (१) बमोजिम सडकको नामाकरण र फासला (Set Back) अनुसूची-१, २,३ र ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**<u>५. मूख्य सडकको क्षेत्राधिकार र फासला सम्वन्धी विशेष व्यवस्थाः</u>**

(१) मुख्य सडक संघ वा प्रदेश स्तरीय सडकमा समावेश भएको पाइएमा उक्त सडकको क्षेत्राधिकार (Row) तथा सेटब्याक (Set Back) स्वत संघ वा प्रदेश सडक मापदण्ड अनुसार हुनेछ।

**<u>६. व्यवसायिक संरचना निर्माण गर्दा छोड्नु पर्ने फासला (Set Back)सम्वन्धी विशेष व्यवस्था:</u>**

यो मापदण्ड बमोजिम जुनसुकै वर्गिकणमा परेको सडक,गल्ली,खोल्साखोल्सी तथा राजकुलो वा कुलोको किनारमा व्यावसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निमार्ण गर्दा दुई मिटर फासला (Set Back) छोड्नु पर्ने छ ।

**<u>७. बस्ती विकास,सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड:</u>**

(१) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र बस्ती विकास,सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्न सक्ने छ ।

(२) कार्यपालिकाको सहमति वेगर कसैले पनि जग्गा प्लटिङ गर्न पाउने छैन ।

(३) गाउँपालिका क्षेत्रभित्र नक्सापास प्रक्रिया पुरा गरी आवसीय भवन तीन तला र व्यावसायिक भवन पाँच तलासम्म निर्माण गर्न पाईने छ । तर कार्यपालिकाबाट पूर्व स्वीकृति लिएर नक्शापास प्रकृया पुरा गरी पाँच तला भन्दा माथिको भवन निर्माण गर्न बाधा पर्ने छैन ।

(४) साँस्कृतिक, धार्मिक एवं पुरातत्विक सम्पदालाई छेक्ने गरी कुनै पनि संरचना निर्माण गर्न पाईने छैन ।

**८. निर्माणमा निषेध गरिएको:**

(१) गाउँ क्षेत्रभित्र व्यक्तिगत, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ ।

(क) नक्सापास नगरी कुनै प्रकारको स्थायी संरचना बनाउन ।

(ख) कार्यालयबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न ।

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न ।

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न ।

(ङ) कार्यालयको स्वीकृति बेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न ।

(च) आफ्नो घर कम्पाउन्ड वा पसल अगाडि सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यावसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न ।

(छ) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न ।

**९. पानीको मूल तथा प्राकृतिक स्रोतको स्वामित्वः**

(१) गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोत र पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन । कसैले पनि यस्ता स्रोतको एकलौटी प्रयोग गर्छु भन्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम मूल वा अन्य स्रोतबाट प्राप्त पानी आफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगका लागि बन्देज गर्न पाइने छैन । पानीको प्रयोग देहायको क्रममा गर्नु पर्ने छः

(क) खानेपानीको रुपमा उपयोग गर्न ।

(ख) सिंचाईका लागि उपयोग गर्न ।

(३) निजी जग्गा समेतमा रहेको ढुङ्गा, बालुवा तथा अन्य खनिजजन्य प्राकृतिक स्रोत गाउँपालिकाको अनुमति बेगर कसैले पनि व्यवसायिक प्रयोजनका लागि उत्खनन गर्न पाउने छैन ।

**१०. जथाभावी पार्किङ, सवारी साधनको हर्न र तीव्र गति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक पार्किङ गर्न पाइने छैन ।

(२) नयाँ बन्ने व्यावसायिक सपिङ मल तथा होटल आदि व्यवसायीहरुले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले आवश्यकता हेरी भइरहेका होटल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्ने छ ।

(४) गाउँपालिकाले सःशुल्क तथा निःशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्ने छ ।

(५) गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन ।

(६) गाउँपालिका क्षेत्रभित्र प्रेसर हर्न निषेध गरिएको छ ।

(७) गाउँपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन।

**११. सार्वजनिक स्थलमा धुम्रपान गर्न नपाइने सम्बन्धी व्यवस्थाः**

(१) कसैले पनि गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा धुम्रपान गर्न पाउने छैन ।

(२) धुम्रपान उपलब्ध गराउने व्यवसायीले सो कार्यका लागि अरुलाई असर नपर्ने गरी अलग्गै धुम्रपान कक्षको व्यवस्था गर्नुपर्ने छ ।

(३) गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थल र समयभन्दा बाहेक अन्यत्र र अन्य समयमा मदिराजन्य सामग्रीको बिक्री वितरण तथा प्रयोगलाई निषेध गरिएको छ ।

**१२. विज्ञापनजन्य साइनबोर्ड र सामग्री सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्र र मापदण्डको अधिनमा रही विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न पाईनेछ ।

(२) विज्ञापनजन्य साइनबोर्ड, फ्लेक्स प्रिन्ट, डिस्प्ले बोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नु पर्दा गाउँपालिकाको अनुमति लिई निर्धारित राजश्व वा दस्तुर बुझाई आवश्यकता अनुसार राख्न सकिने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका व्यवसायसँग सम्बन्धीत विज्ञापनजन्य सामाग्री राख्न पाईने छैन ।

## परिच्छेद-३

## कसुर र दण्ड सजाय

**१३. कसुर र दण्ड सजायः**

(१) यो मापदण्ड बमोजिमको फासला र गाउँपालिकाबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनाधिकृत निर्माणलाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी

नभत्काएको खण्डमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउने छ ।

(२) मूल सडकबाट शाखा सडकतर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला,खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेशको पालना भएको नपाइएमा प्रमुखले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) गाउँपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल,सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाइने छैन । त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिनेछ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा गाउँपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिने छ ।

(४) कसैले पनि निजी जग्गा समेतको ढुङ्गा,गिट्टी,बालुवा तथा खानी वा खनिजजन्य सामग्री प्रचलित कानून विपरित व्यावसायिक प्रयोजनमा उत्खनन गरेको पाईएमा गाउँपालिकाले त्यस्तो सामग्री, सामग्री खनजोत वा ओसारपसार गर्न प्रयोग हुने साधन जफत गरी ५ हजार देखी २० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) गाउँपालिकाले तोकेको क्षेत्र बाहिर पार्किङ गर्नेलाई गाउँपालिकाले दुई सय रुपैयाँ देखि एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा गाउँपालिकाले एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) कसैले प्रेशर हर्न बजाएको पाइएमा गाउँपालिकाले पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना गरी प्रेशर हर्न जफत एवं नष्ट गर्नेछ ।

(८) कसैले सार्वजनिक स्थलमा धुम्रपान गरेको पाइएमा गाउँपालिकाले पहिलो पटकलाई सम्झाउने बुझाउने,दोस्रो पटकलाई एक सय रुपैयाँ जरिवाना गर्ने र त्यसपछि पटकै पिच्छे एक सय रुपैयाँ थप्दै जाने गरी जरिवाना गर्नेछ ।

(९) यो मापदण्ड प्रारम्भ हुनु अघि कसैले दफा १२ मा तोकेको मापदण्ड प्रतिकूल विज्ञापनजन्य सामग्री राखेको पाइएमा गाउँपालिकाले हटाउन आदेश दिनेछ । दिएको आदेश अटेर गरेको पाइएमा गाउँपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(१०) दफा ७ को उपदफा (२) प्रतिकुल कसैले कार्यपालिकाको स्वीकृति नलिई जग्गा प्लटिङ गरेको पाईएमा गाउँपालिकाले एक लाख रुपैंया देखि पाँच लाख रुपैया सम्म जरिवाना गर्नुको साथै नक्सापासको कार्यलाई समेत रोक लगाउन सक्नेछ ।

(११) व्यवसायिक प्रयोजनको लागि निकासीजन्य मालवस्तु सार्वजानिक स्थलमा घाटगद्दि गरी राखेमा वा भैतिक संरचनामा क्षति पुग्न गएमा क्षतिको यथाशिध्र पुर्न निर्माण गर्नुपर्ने छ। घाटगद्दि एक हप्तासम्म निःशुल्क तथा सो भन्दा बदी घाटगद्दि गर्नुपर्ने भएमा प्रतिदिन रु ५०० दस्तुर लाग्नेछ ।

**परिच्छेद-४**

**<u>विविध</u>**

**१४.** गाउँपालिकाले निर्माण गरेका सबै प्रकारका सडकहरु र राष्ट्रिय राजमार्गको दायाँबायाँ व्यक्ति, सङ्घ वा संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो मापदण्डमा व्यवस्था भएको फासला (Set Back) बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासला छोड्नु पर्ने छ ।

**१५.** गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति तथा खोल्सा-खोल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि गाउँपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**१६.** परम्परागत रुपमा प्रयोग हुँदै आएका चलन चल्तीमा रहेका तर नापी नक्सामा उल्लेख नभएका बाटा तथा गोरेटोहरुलाई औचित्यताका आधारमा गाउँपालिकाले कायम गराउन सक्नेछ।

**<u>१७. मापदण्ड संशोधन सम्बन्धी व्यवस्थाः</u>** यस मापदण्डमा आवश्यक थपघट, परिमार्जन तथा संशोधन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**<u>१८. असल नियतले गरेको कामको बचाउः</u>** यस मापदण्ड वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारी तथा कर्मचारीले यस मापदण्ड वा प्रचलित कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निजउपर कुनै कारबाही हुने छैन ।

**<u>१९. अन्यः</u>** यस मापदण्दमा उल्लेखित बिषयहरु यसै मापदण्द बामोजिम तथा अन्य बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

वैतेश्वर राजपत्र

<u>अनुसूची-१</u>

<u>मुख्य सडक,राजमार्ग सडक तथा प्रादेशिक सडक</u>

| क्र.सं | सडकको नाम | सडकको प्रकार | वडा नं | क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|---|
| १ | लामोसाँघु जिरी सडक | मुख्य | ६,५,४ र ३ | संघिय सडक मापदण्ड अनुसार | |
| २ | नाम्दु मार्बु क्षेत्रपा जुँगु सडक | मुख्य | ६, ७ र ८ | प्रदेश सडक मापदण्ड अनुसार | |
| ३ | सिद्धाकोथान जुँगु सडक | मुख्य | ४ र ८ | प्रदेश सडक मापदण्ड अनुसार | |
| ४ | बुस्ति पुतलिकाठ मिर्गे जैनालु ठाडे लहरेमाने खाँवा सडक | मुख्य | ६, २ र ३ | प्रदेश सडक मापदण्ड अनुसार | |
| अन्य संघ वा प्रदेश स्तरीय सडकमा समावेश भएका सडकहरु । | | | | | |

वैतेश्वर राजपत्र

अनुसूची-२

गाउँपालिका स्तरीय सडक

| क्र.सं | सडकको नाम | वडा नं | क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | गोपिखोला गैरिमुदि उपल्लोमुदि जोरमाने सडक | १ | ७ मिटर | २ मिटर |
| २ | माझगाउँ कृषि भवन पाइले चिलाउनेखर्क पात्ले मजुवा बगर सुलीडाँडा मेघेचौर डाँडागाउँ सडक | २, ३, ४, ५ र ६ | ७ मिटर | २ मिटर |
| ३ | मैनापोखरी हनुमन्तेश्वर क्याम्पस ज्यामिरे हिटी बगर सडक | ४ र ५ | ७ मिटर | २ मिटर |
| ४ | च्यानडाँडा ठोट्नेरी मार्बुछाप सडक | ६ र ७ | ७ मिटर | २ मिटर |
| ५ | नाम्दु पाँडुडाँडा सुलीडाँडा हस्पिटल साइट अफिस सडक | ६ र ५ | ७ मिटर | २ मिटर |
| ६ | पाँडुडाँडा निमकोट पाइले सडक | ६, ५ र ३ | ७ मिटर | २ मिटर |
| ७ | मैनापोखरी फेदी क्षेत्रपा सडक | ५ र ८ | ७ मिटर | २ मिटर |
| ८ | गैरीमुदी स्वस्थ्य चौकी १ नं. वडा कार्यालय टार भन्ज्याङ सडक | १ र २ | ७ मिटर | २ मिटर |
| ९ | मिर्गे लहरेमाने दोभान उपल्लोमुदी सडक | ३ र २ | ७ मिटर | २ मिटर |
| १० | नाम्दु घिमिरेटार सिउरानी खानीखोला खानीगाउँ सानिटार सडक | ६ र ३ | ७ मिटर | २ मिटर |
| ११ | महादेवथान बस्नेत गाउँ बाह्रहाते वडा कार्यालय सडक | ८ | ७ मिटर | २ मिटर |

नोट: माथि उल्लेखित सडकहरु संघ वा प्रदेश स्तरीय सडकमा समावेश भएको पाइएमा उक्त सडकको क्षेत्राधिकार (Row) तथा फासला (Set Back) स्वत संघ वा प्रदेश सडक मापदण्ड अनुसार हुनेछ ।

वैतेश्वर राजपत्र

अनुसूची-३

**वडा स्तरीय तथा सहायक सडक**

**वडा नं. १**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | बागखोर पाटिको चौतारा सडक | १ | ६ मिटर | १.५ मिटर |
| २ | गोपी सिम्ले टुनीबोटे सडक | १ | ६ मिटर | १.५ मिटर |
| ३ | गोपी सिम्ले पिपलबोट मगर टोल सडक | १ | ६ मिटर | १.५ मिटर |
| ४ | गोपी पाखाटोल गोलाई सडक | १ | ६ मिटर | १.५ मिटर |
| ५ | बुद्दचोक गोलाई सडक | १ | ६ मिटर | १.५ मिटर |
| ६ | जलेश्वर लामाटोल हिले सडक | १ | ६ मिटर | १.५ मिटर |
| ७ | जलेश्वर अगौडे सडक | १ | ६ मिटर | १.५ मिटर |
| ८ | जलेश्वर कुन्साङ गुम्बा सडक | १ | ६ मिटर | १.५ मिटर |
| ९ | पुतलीकाठ कैलेश्वर उपल्लोमुदी सडक | १ र २ | ६ मिटर | १.५ मिटर |
| १० | उपल्लोमुदी बगर कप्टी सडक | १ | ६ मिटर | १.५ मिटर |
| ११ | आग्रीगाँउ बगर सडक | १ | ६ मिटर | १.५ मिटर |
| १२ | पोखरी कप्टी सडक | १ | ६ मिटर | १.५ मिटर |
| १३ | पोखरी राउत गाउँ सडक | १ | ६ मिटर | १.५ मिटर |

**वडा नं २**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | घोरेढुङगा खनीबोटे खानिगाउँ सडक | २ र ३ | ६ मिटर | १.५ मिटर |
| २ | उपल्लोमुदी लिंसे सडक | २ | ६ मिटर | १.५ मिटर |
| ३ | बरको रुख तल्लो खरिस्वारा काफ्लेटोल सडक | २ | ६ मिटर | १.५ मिटर |
| ४ | घोरेढुङगा थापागाउँ सडक | २ | ६ मिटर | १.५ मिटर |
| ५ | हरिसिर्दि वडा कार्यालय मिजारटोल सडक | २ | ६ मिटर | १.५ मिटर |

वैतेश्वर राजपत्र

वडा नं ३

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | पात्ले कुनेश्वारा मिर्गे सडक | ३ | ६ मिटर | १.५ मिटर |
| २ | यार्सा तारेभिर सडक | ३ | ६ मिटर | १.५ मिटर |
| ३ | पिपलडाडाँ ठुलोपोखरी चिहानडाडाँ सडक | ३ | ६ मिटर | १.५ मिटर |
| ४ | यार्सा ठुलोपातल लहरेमाने सडक | ३ | ६ मिटर | १.५ मिटर |
| ५ | चिलाउनेखर्क बेसी कृषि सडक | ३ | ६ मिटर | १.५ मिटर |
| ६ | मिर्गे लहरेमाने वडा कार्यालय चिलाउनेखर्क सडक | ३ | ६ मिटर | १.५ मिटर |
| ७ | मुलगौंडा मजुवा बेंसी सडक | ३ | ६ मिटर | १.५ मिटर |

वडा नं ४

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | सिमचौर देउराली सडक | ४ | ६ मिटर | १.५ मिटर |
| २ | ठुलोवन सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ३ | कागते फाप्लु सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ४ | कागते सानीमजुवा सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ५ | न्यौपाने गाउँ उनियाचौर सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ६ | लामाश्वारा कैलाचौर सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ७ | आहाले तिनघरे सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ८ | काम्बिसे सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ९ | शंखपोखरी चौरपुर | ४ | ६ मिटर | १.५ मिटर |
| १० | पाटीखोला लप्से सडक | ४ | ६ मिटर | १.५ मिटर |
| ११ | सिद्धाथान ठुलाचौर सडक | ४ | ६ मिटर | १.५ मिटर |
| १२ | ढुङगेलगाउँ फलाटे कृषि सडक | ४ | ६ मिटर | १.५ मिटर |
| १३ | हिमगंगा घाट सडक | ४ | ६ मिटर | १.५ मिटर |
| १४ | ज्यामिरे ताकमारु विरौटा सडक | ४ | ६ मिटर | १.५ मिटर |
| १५ | अतअते कृषि सडक | ४ | ६ मिटर | १.५ मिटर |
| १६ | फापरश्वारा कृषि गेट | ४ | ६ मिटर | १.५ मिटर |
| १७ | भुकम्पचोक कालथोक सडक | ४ | ६ मिटर | १.५ मिटर |
| १८ | जोरधारा बुलुङ्गे कालथोक | ४ | ६ मिटर | १.५ मिटर |
| १९ | हिटी कुलथान सडक | ४ | ६ मिटर | १.५ मिटर |

वडा नं ५

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | देउराली जुकेपानी सडक | ५ | ६ मिटर | १.५ मिटर |
| २ | कुकुरगाडे मेहेले ४ नं सिमाना सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ३ | भण्डारी धारा मेहेले कुलथान सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ४ | कुकुरगाडे बस्नेत मुलघर सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ५ | शिव मन्दिर लाँकुरीडाँडा ढुंगे सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ६ | मैनापोखरी अगस्तिधारा चौरखर्क सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ७ | शिव मन्दिर ठुलाघर सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ८ | अमले डाँडा सिमवारी सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ९ | अमले डाँडा कार्कीटोल अस्पताल सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १० | वडा कार्यालय शंखपोखरी सडक | ५ | ६ मिटर | १.५ मिटर |
| ११ | जोर खम्वा मयपी भटमासे क्याम्पस ४ नं. सिमाना सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १२ | वदमवारी बखतेवारी ४ नं. सिमाना सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १३ | ठूलाखोला सुलिडाँडा गुहिएखोला सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १४ | सोतीको आहाल खत्रीगाउँ बराडाँडा निमकोट सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १५ | खत्रीगाउँ भाते पाँडु सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १६ | जलदेवी भस्मे सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १७ | शिव मन्दिर चौउन्न घडेरी वडा नं. ४ को सिमाना सडक | ५ | ६ मिटर | १.५ मिटर |
| १८ | शंखपोखरी सल्लेकुरार विरौटा ४ नं. सिमाना सडक | ५ | ६ मिटर | १.५ मिटर |

वैतेश्वर राजपत्र

**वडा नं ६**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | च्यानडाँडा कान्ले सडक | ६ र ७ | ६ मिटर | १.५ मिटर |
| २ | डाँडागाउँ ठोटनेरी सडक | ६ र ७ | ६ मिटर | १.५ मिटर |
| ३ | मिलडाडा खनियाचौर वनगाउँ घिमिरेटार सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ४ | बुस्ती दहालटार मिलडाँडा सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ५ | भुसभुसे गोलाई पाखाटोल देउपुजे आहाले सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ६ | पाडूडाडा घिमिरेटार सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ७ | डाँडागाउँ दार्मे सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ८ | घिमिरेटार दशघरे निम्कोट सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ९ | ढुंगेल तिवारीटोल गौतम टोल पाडू सडक | ६ | ६ मिटर | १.५ मिटर |
| १० | चौनौटे बैतेश्वर महादेव मन्दिर सडक | ६ | ६ मिटर | १.५ मिटर |
| ११ | भोर्लाखोला गैरागाउँ पाखाटोल सडक | ६ | ६ मिटर | १.५ मिटर |
| १२ | खनियाचौर भतेरे पाखाटोल सडक | ६ | ६ मिटर | १.५ मिटर |
| १३ | वडा कार्यालय डाँडाटोल सडक | ६ | ६ मिटर | १.५ मिटर |
| १४ | पिपलबोट पाटिडाँडा ढाँडबारी सडक | ६ | ६ मिटर | १.५ मिटर |
| १५ | मेघेचौर डाँडाबारी गा. पा. सडक | ६ | ६ मिटर | १.५ मिटर |
| १६ | अमलेडाँडा ठुलासिम सडक | ६ र ५ | ६ मिटर | १.५ मिटर |
| १७ | मेघेचौर पिपलबोट गाउँपालीका सडक | ६ | ६ मिटर | १.५ मिटर |

वैतेश्वर राजपत्र

**वडा नं ७**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | डाँडागाउँ मेहेले ढुङ्गे खड्किनीचौर सडक | ७ | ६ मिटर | १.५ मिटर |
| २ | डाँडागाउ विफिरे घट्टे उत्तिसिनि सडक | ६ र ७ | ६ मिटर | १.५ मिटर |
| ३ | डाँडागाउँ बाँसको गोलाई बाघको खोर सडक | ६ र ७ | ६ मिटर | १.५ मिटर |
| ४ | गहतेबारी घर्तिगाऊँ नागदह सडक | ७ | ६ मिटर | १.५ मिटर |
| ५ | मार्बुटार भेडे काँडे सडक | ७ | ६ मिटर | १.५ मिटर |
| ६ | बुस्ति माझिबुस्ति सडक | ६ र ७ | ६ मिटर | १.५ मिटर |
| ७ | माझिबुस्ति खकाले वडा कार्यालय सडक | ७ | ६ मिटर | १.५ मिटर |
| ८ | माझिबुस्ति भुमेथान सडक | ७ | ६ मिटर | १.५ मिटर |
| ९ | चिमे कालिदेवी सडक | ७ | ६ मिटर | १.५ मिटर |
| १० | बानेखोला सरिनिघाट सडक | ७ | ६ मिटर | १.५ मिटर |
| ११ | पिपलबोट कालिका मावि सडक | ७ | ६ मिटर | १.५ मिटर |
| १२ | वडा कार्यालय बालुवा चौर सडक | ७ | ६ मिटर | १.५ मिटर |
| १३ | रैकर घर्तिगाऊँ सडक | ७ | ६ मिटर | १.५ मिटर |
| १४ | ठडिखोरिया सडक | ७ | ६ मिटर | १.५ मिटर |

**वडा नं ८**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | क्षत्रपा क्षत्रवती मा.वि नागदह सडक | ८ | ६ मिटर | १.५ मिटर |
| २ | मार्वुडाँडा,छिपीगाउँ वरको रुख बसेरी पुक्ति सडक | ८ | ६ मिटर | १.५ मिटर |
| ३ | डाङडुङ्गे मन्दिर तोरीडाँडा सडक | ८ | ६ मिटर | १.५ मिटर |
| ४ | सोलेकटेरा तोरीस्वाँरा जनप्रेमी कृषी सहकारी भेरी खर्क सडक | ८ | ६ मिटर | १.५ मिटर |
| ५ | वडारे पोखरी स्वास्थ्य चौकी यवो आधारभुत विद्यालय खत्री गाउँ सडक | ८ | ६ मिटर | १.५ मिटर |

अनुसूची-४

## टोल स्तरीय सडक

**वडा नं २**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | गैरीखेत खनिबोटे सडक | २ | ४ मिटर | १ मिटर |
| २ | भुमेथान सडक | २ | ४ मिटर | १ मिटर |
| ३ | दोभान नेवारटोल सडक | २ | ४ मिटर | १ मिटर |
| ४ | कृषि भवन स्वाँरा सडक | २ | ४ मिटर | १ मिटर |
| ५ | योन्जन टोल लप्से मन्दिर सडक | २ | ४ मिटर | १ मिटर |
| ६ | माने दमुडाँडा कृषि भवन सडक | २ | ४ मिटर | १ मिटर |

**वडा नं ३**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | चिलाउनेखर्क आइताबारे टोल सडक | ३ | ४ मिटर | १ मिटर |
| २ | खतिवडाटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| ३ | मजुवा जैसीटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| ४ | भन्ज्याङ पिडालुबारी सडक | ३ | ४ मिटर | १ मिटर |
| ५ | भन्ज्याङ दमाईटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| ६ | मजुवा माझनटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| ७ | मजुवा खड्काटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| ८ | ठुलोपोखरी गैराघर सडक | ३ | ४ मिटर | १ मिटर |
| ९ | फलेघर टोल सडक | ३ | ४ मिटर | १ मिटर |
| १० | कुनेश्वारा मानेडाँडा सडक | ३ | ४ मिटर | १ मिटर |
| ११ | दोबाटो लामाटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| १२ | लहरेमाने सुनुवार पधेरो सडक | ३ | ४ मिटर | १ मिटर |
| १३ | मजुवा तल्लो टोल सडक | ३ | ४ मिटर | १ मिटर |
| १४ | मजुवा स्कुलमुनि सडक | ३ | ४ मिटर | १ मिटर |
| १५ | कुनेश्वाराटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| १६ | जैनालु देबिथान सडक | ३ | ४ मिटर | १ मिटर |
| १७ | पाइले बिचटोल स्कुल सडक | ३ | ४ मिटर | १ मिटर |

| | | | | |
|---|---|---|---|---|
| १८ | पिपलडाडाँ पाइले सडक | ३ | ४ मिटर | १ मिटर |
| १९ | सुनुवार पधेरा गुम्बा चौउर सडक | ३ | ४ मिटर | १ मिटर |
| २० | पाइले बिचटोल सडक | ३ | ४ मिटर | १ मिटर |
| २१ | मजुवा पल्लाबारी ठाडे सडक | ३ | ४ मिटर | १ मिटर |
| २२ | कोइरालाडाडाँ ठाडे सडक | ३ | ४ मिटर | १ मिटर |
| २३ | पहिरेटोल लामास्वारा सडक | ३ | ४ मिटर | १ मिटर |

**वडा नं ६**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | निगुरे माथिल्लो दहालटार सडक | ६ | ४ मिटर | १ मिटर |
| २ | बुस्ती पाखाटोल सडक | ६ | ४ मिटर | १ मिटर |
| ३ | कोटगाउँ भतेरे सडक | ६ | ४ मिटर | १ मिटर |
| ४ | ठुलोधारा कार्कीबस्ती सडक | ६ | ४ मिटर | १ मिटर |
| ५ | दहालटार भिरमुनि सडक | ६ | ४ मिटर | १ मिटर |
| ६ | रातामाटे जुकेपानी सडक | ६ | ४ मिटर | १ मिटर |
| ७ | बनगाउँ थामिटोल सडक | ६ | ४ मिटर | १ मिटर |

वैतेश्वर राजपत्र

**वडा नं ८**

| क्र.सं | सडकको नाम | वडा नं | सडकको क्षेत्राधिकार (Row) | फासला (Set Back) |
|---|---|---|---|---|
| १ | पाटीमाथि होईथेके सडक | ८ | ४ मिटर | १ मिटर |
| २ | नासे डाँडा क्षत्रवती मन्दिर माने डाँडा सडक | ८ | ४ मिटर | १ मिटर |
| ३ | कोलेडाँडा तिलताप्सा सडक | ८ | ४ मिटर | १ मिटर |
| ४ | पात्ले बगम सडक | ८ | ४ मिटर | १ मिटर |
| ५ | सोलेकटेरो भन्ज्याङ सडक | ८ | ४ मिटर | १ मिटर |
| ६ | दारेगौडा, थारो बान्ने सडक | ८ | ४ मिटर | १ मिटर |

**नोट**ः माथि उल्लेखित सडकहरु भन्दा बाहेक माथि उल्लेख नभएका सडकहरु, नयाँ निर्माण हुने सडक, कृषि सडक तथा अन्य स्थानीय ग्रमीण सडक निमार्ण पूर्व गाउँपालिकाबाट पूर्व स्वीकृती लिनुपर्ने छ साथै गाउँपालिकाले स्वीकृती दिदाँ उक्त सडकको मापदण्ड निर्धारण गर्नेछ र सोही अनुसारको मापदण्ड पालना गर्नुपर्नेछ ।

आज्ञाले
ऋषिराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र